मितिः- २०७५/१०/२१

# प्रेस विज्ञप्ती

## विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम राजस्व अनुसन्धान विभागको निर्णयले राजस्व अनुसन्धान कार्यालय पथलैयाद्वारा रामेश्वर पुर्वे भन्ने रामेश्वर साह समेत ८ जना उपर धनुषा जिल्ला अदालतमा मुद्दा दर्ता

प्रतिवादीहरु रामेश्वर पुर्वे भन्ने रामेश्वर साह, निजकी श्रीमती प्रतिवादी मिनादेवी साह र पक्राउ प्रतिवादीहरु विजय यादव, मोख्तर अहमद, सन्तोष महतो, नरेश महतो, सुरज ठाकुर र पप्पुकुमार दास समेतले आपसी मिलेमतो गरी ह्वाट्स्एप एप्लिकेशनको माध्यमबाट परस्पर हुण्डी कारोबार बिवरणहरु सांकेतिक शब्द र चिन्हहरु प्रयोग गरी आफ्ना गुटमेलका कारोबारीसँग आदान प्रदान गरी बिदेशी मुद्रा र नेपाली रुपैया हुण्डीको माध्यमबाट ठुलो परिमाणमा अवैध रुपमा अन्तरदेशिय कारोबार समेत गरेको प्रमाणित भई कारोबार भएको अनुसन्धानको क्रममा संकलित भौचर तथा खातावहीबाट देखिएको रु. ४,१५,४९,५२,२५१ र (अक्षरुपी चार अर्व पन्ध्र करोड उनन्चास लाख बाउन्न हजार दुई सय एकाउन्न मात्र) साथै प्रतिवादी रामेश्वर साहको घरबाट बरामद भएको ने.रु. ८३,६९,२५०।- र तथा भा.रु. ६,५००।- को नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दरले हिसाव गर्दा हुने ने.रु. १०,४०९।७५ समेत गर्दा हुने कुल ४,१६,३३,३१,९१०।७५ (अक्षरुपी चार अर्व सोह्र करोड तेतीस लाख एकतीस हजार नौ सय दस रुपैया पैसा पचहत्तर मात्र) बराबरको रकम गैरकानुनी रुपमा अन्तरदेशीय कारोवार हुण्डी गरेको पुष्टि भएकोले कारोबारमा संलग्न देखिएका माथि उल्लेखित प्रतिवादीहरु रामेश्वर पुर्वे भन्ने रामेश्वर साह, मिना देवी साह, बिजय यादव, सन्तोष महतो, नरेश महतो, सुरज ठाकुर, पप्पु कुमार दास, मोख्तार अहमदले गरेको उक्त कार्य विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा ३(१), ४(१) र ४(२) तथा दफा ९ग को उपदफा क, ख र ग विपरीतको कसुर अपराध भएको हुँदा निज प्रतिवादीहरु रामेश्वर पुर्वे भन्ने रामेश्वर साह, निजकी श्रीमती प्रतिवादी मिनादेवी साह, विजय यादव, मोख्तार अहमद, सन्तोष महतो, नरेश महतो, सुरज ठाकुर र पप्पु कुमार दासलाई कसुरको कूल विगो रु. ४,१६,३३,३१,९१०।७५ (अक्षरुपी चार अर्व सोह्र करोड तेतीस लाख एकतीस हजार नौ सय दस रुपैया पैसा पचहत्तर मात्र) कायम गरी सोही ऐनको दफा १७(१) बमोजिम जनही विगोको तेब्बर सम्म हुन सक्ने जरिवाना सजाय समेत हुन र वरामद भई आएको अवैध रुपमा बिदेशी बिनिमयको हुण्डी कारोबारबाट संकलन गरेको ने.रु. ८३,६९,२५०।-र भा.रु. ६,५००।- जफत गरी पाउन साथै प्रतिवादीहरुले गरेको कसुरको विगो एक करोड भन्दा वढी भएको हुँदा निजहरुलाई ऐ. ऐनको दफा १७(९) बमोजिम हुने थप कैद सजाय समेत गरी पाउन माग दाबी लिई २०७५।१०।२१ मा धनुषा जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।


टेलिफोन : ५५२७८८५महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक,
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६०-०१-५५०००
इमेल : info@dri.gov.np,वेभसाइट :www.dri.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

## रामेश्वर साह समेत ८ जनालाइ धनुषा जिल्ला अदालतमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, अनुसार अदालतमा दर्ता गरिएको विवरणको विवरण

| सि.नं. | नाम, थर | ठेगाना | जफत गर्नु पर्ने बरामदी बिगो (नगद) | असुल गर्नु पर्ने बिगो | हदै सम्म सजाय माग दावी | कैद सजाय माग दावी |
|---|---|---|---|---|---|---|
| १ | रामेश्वर पुर्वे | जनकपुर उपमहानगरपालिका वडा नं. ११ | ८३६९२५०।०० ६५००।०० | ४१६३३३१९१०।७५ | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| २ | मिनादेवी साह | जनकपुर उपमहानगरपालिका वडा नं. ११ | | | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| ३ | विजय यादव | जनकपुर उपमहानगरपालिका वडा नं. ११ | | | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| ४ | मोख्तार अममद | जनकपुर उपमहानगरपालिका वडा नं. ७ | | | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| ५ | सन्तोष महतो | जनकपुर उपमहानगरपालिका | | | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| ६ | नरेश महतो | भारत विहार मधुवनी जिल्ला बासोपट्टी | | | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| ७ | सुरज ठाकुर | भारत पूर्वी चम्पारण मधुवनी जिल्ला बासोपट्टी स्थायी ठेगाना भइ, जनकपुर उपमहानगरपालिका वडा नं. ११ | | | १२४८९९९५७३२।२५ | ३ वर्ष सम्म |
| ८ | पप्पुकुमार दास | भारत पूर्वी चम्पारण मधुवनी जिल्ला बासोपट्टी स्थायी ठेगाना भइ, जनकपुर उपमहानगरपालिका वडा नं. ११ | | | ६२४४९९७८६६।१३ | निज १५ वर्षका नाबालक भएकोले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४५(३) बमोजिम अन्य प्रतिवादीहरुलाइ हुने सजायको आधा सजाय हुन। |



टेलिफोन : ५५२७८८५महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक,
कन्ट्रोल रुम ५०१००८५, एक्सचेन्ज ५०१०१०६, ५०१००५७, फ्याक्स : ५५४२०२३, टोल फ्री नम्बर : १६६०-०१-५५०००
इमेल : info@dri.gov.np,वेभसाइट :www.dri.gov.np